मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ३ • अंक २८७ • २०८२ साल भाद्र २४ गते मंगलबार • Tuesday 09, September 2025 • सूर्योदयः बिहान ५:४८ बजे • सूर्यास्तः साँझ ६:१६ बजे • पृष्ठ ४ • मूल्य रु. ५/-

## जनकपुरधामका विद्यालयमा आज शोकबिदा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उपमहानगरपालिकाभित्रका सम्पूर्ण संस्थागत विद्यालयहरू आज एक दिनका लागि शोक बिदा रहने भएको छ । एन प्याब्सन जनकपुरधामका अध्यक्ष दिपक कुमार ठाकुरले शोकबिदा सम्बन्धी जानकारी दिँदै भने, 'जेनजीको आन्दोलनमा ज्यान गुमाएका विद्यार्थीहरूको स्मृतिमा श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारमा गहिरो समवेदना प्रकट गर्दछौं । शिक्षाक्षेत्रले बेहोरेको यस गम्भीर क्षणमा जनकपुरधाम उपमहानगरपालिकाभित्रका सम्पूर्ण संस्थागत विद्यालयहरू आज एक दिन शोकबिदा रहने छन् ।' अध्यक्ष ठाकुरले भने, 'यो कठिन घडीमा हामी सबैले शिक्षाको संरक्षण र विद्यार्थीहरूको सुरक्षा सुनिश्चित गर्ने पहल गर्नुपर्छ । केवल श्रद्धाञ्जली अर्पण गर्नु पर्याप्त छैन । भविष्यमा यस्ता घटनाको दोहोरिन नदिन सबै पक्ष सक्रिय हुनु जरुरी छ ।' आज सम्पूर्ण विद्यालयमा राष्ट्रिय झण्डा झुकाएर, प्रार्थना र मौन श्रद्धाञ्जलीका कार्यक्रमहरू सञ्चालन गरिने जनाइएको छ ।

# जेन्जी पुस्ताको आन्दोलनमा १९ युवाको शहादत
# अपूरणीय क्षति, गृहमन्त्रीको राजीनामा

*संघ सरकारका गृहमन्त्री रमेश लेखकले सोमबार साँझ प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा राजीनामा बुझाएका छन् । जेन्जीहरूको प्रदर्शन हिंसात्मक बनेपछि लेखक राजीनामा दिन बाध्य भएका हुन् ।*

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
'जेन्जी' पुस्ताले सोमबार गरेको काठमाडौँसहित देशभरको प्रदर्शनले कैयौँको युवाको ज्यान लिएको छ । प्रदर्शनमा उत्रिएका युवापुस्ताको आन्दोलन अराजक बनेर राज्यका अंगहरुमाथि आक्रमण गर्ने क्रममा राज्य बर्बर दमनमा उत्रिएपछि नागरिकमाथि गोली प्रहार भएको हो । यो समाचार तयार पार्दासम्म संघीय राजधानी काठमाडौँमा १७ जना र कोशी प्रदेशको सुनसरीको इटहरीमा २ जनाको मृत्यु भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले ४ सय ५३ जना घाइते भएको र उपचार भइरहेको जनाएको छ । सोमबार नेपाली कांग्रेसको आकस्मिक बैठकमा गृहमन्त्री रमेश लेखकले मानवीय क्षतिको नैतिक जिम्मेवारी लिँदै पदमा नबस्ने घोषणा गरेका छन् तर जेन्जी पुस्ताले आन्दोलन नरोकिने बताएका छन् ।

**कुन अस्पतालमा के छ अवस्था ?**
१. सिभिल अस्पतालः ३ जनाको मृत्यु, १०० जनाको उपचार
२. वीर अस्पतालः छ जनाको उपचार जारी
३. राष्ट्रिय ट्रमा सेन्टरः ७ जनाको मृत्यु, ५९ जना उपचाररत
४. एभरेष्ट अस्पतालः ५ को मृत्यु, १०२ को उपचार, ८ रिफर
५. पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानः ४ जनाको उपचार
६. काठमाडौँ मेडिकल कलेजः २ को मृत्यु, ३७ जनाको उपचाररत
७. नर्भिक अस्पतालः तीन जनाको उपचार जारी
८. त्रिवि शिक्षण अस्पतालः १ को मृत्यु, १८ को उपचार जारी
९. गण्डकी मेडिकल कलेज, पोखराः एक जनाको उपचार जारी
१०. पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानः दुई जनाको उपचार जारी
११. विराट मेडिकल कलेजः चार जनाको उपचार जारी
१२. दमक अस्पताल झापाः सात जनाको उपचार जारी
१३. बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानः दुईको मृत्यु

सुरक्षाकर्मीहरु घाइते
नयाँ बानेश्वरको प्रदर्शनमा सुरक्षामा खटिएका नेपाल प्रहरीका १ सय ७८ र सशस्त्रका ९ जना घाइते भएका छन् ।

पहिचान खुलेका मृतकहरु
१. ट्रमा सेन्टर
क.२५ वर्षीय पवन शाही, कालीकोट
ख. २५ वर्षीय सुलभ राज श्रेष्ठ, बाँके
ग. १९ वर्षीय सिमाय चौलागाईं
घ. ४१ वर्षीय बुद्धिबहादुर तामाङ, कीर्तिपुर नगरपालिका–२
२. काठमाडौं मेडिकल कलेज
क. सौरम किशोर श्रेष्ठ
ख. सुवास पोखरेल

सिंहदरबारमा प्रवेश
जेन्जी आन्दोलनक्रममा बानेश्वरस्थित संसद भवनभित्र प्रवेश गरेका प्रदर्शनकारीलाई प्रहरीले त्यहाँबाट हटाएको छ । प्रहरीका अनुसार झण्डै एक सय जना प्रदर्शनकारी पर्खाल नाघेर भित्र पसेका थिए । संसद भवनको कम्पाउन्डभित्रै प्रहरी र प्रदर्शनकारीबीच मुठभेड भएको थियो । एक प्रदर्शनकारीले हातमा घरेलु हतियारसमेत बोकेर प्रहरीलाई लखेटेका थिए । केहीले ढुंगा र इँटा बोकेका थिए । निकै बेरको प्रयासपछि प्रहरीले उनीहरुलाई निकाल्न सफल भएको हो । प्रदर्शनकारीहरु संसद भवनभित्रै छिर्न भने सकेनन् । आन्दोलनका क्रममा पर्खाल नाघेर प्रदर्शनकारीहरु भित्र छिरेका हुन् ।

**काठमाडौँमा करफ्यु, सडकमा सेना**
जिल्ला प्रशासन कार्यालय काठमाडौँले बानेश्वर बाहेकका ठाउँमा पनि कर्फ्यु आदेश जारी गरेको छ । मध्यान्ह साढे १२ बजेदेखि बानेश्वर क्षेत्रमा लगाएको कर्फ्यु राति १० बजेसम्म लागू हुने गरी विस्तार गरिएको हो । जेन्जीको प्रदर्शनको क्रममा प्रदर्शनकारी संसद भवन प्रवेश गरेर अवस्था तनावग्रस्त बनेसँगै कर्फ्यु लगाइएको हो । बानेश्वरमा सेना पनि परिचालन गरिएको छ ।
कर्फ्यु आदेश तोकिएको ठाउँमा भेला, जुलुस, प्रदर्शन, सभा, बैठक वा घेराउ पूर्णरूपमा निषेध गरिएको छ । कर्फ्यु लगाइएका ठाउँहरूमा शीतल निवास, उपराष्ट्रपति कार्यालय, नारायणहिटी दरबार संग्रहालय, सिंहदरबार परिसर, प्रधानमन्त्री निवास बालुवाटार र संसद भवन नयाँ बानेश्वर लगायतका क्षेत्र छन् ।

**रुपन्देही तनावग्रस्त, कर्फ्यु**
आन्दोलनरत जेन्जीले बुटवलस्थित नेकपा एमाले पार्टी कार्यालय घेराउ गरेका थिए । उनीहरुले बुटवल उपमहानगरपालिकाको मुख्य गेट अगाडि प्रदर्शन गरेका थिए भने राजमार्ग केन्द्रित प्रदर्शन समेत गरेका थिए । जेन्जीहरूको प्रदर्शनलाई मध्यनजर राखेर जिल्ला प्रशासन कार्यालय रुपन्देहीले कर्फ्यु समेत जारी गरेको छ । सोमबार अपराह्न चार बजेदेखि राति १० बजेसम्म कर्फ्यु जारी गरिएको हो ।

**खाणको घरमा तोडफोड**
जेन्जी पुस्ताका युवाले प्रदर्शनक्रममा रुपन्देहीमा पूर्व गृहमन्त्री तथा कांग्रेस नेता बालकृष्ण खाणको घर तोडफोड गरेका छन् । सोमबार बिहानैदेखि प्रदर्शनमा निस्केका जेन्जी समूहले खाँणको घरमा ढुंगामुढा गरेर तोडफोड गरेका हुन् । प्रदर्शनकारीको ढुंगामुढाबाट खाणको घरको मूल गेटमा क्षति पुगेको र घरका केही सिसाहरु फुटेको रुपन्देही प्रहरी प्रमुख प्रहरी उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले बताए । बालकृष्णका भाई कांग्रेस रुपन्देहीका सभापति रामकृष्ण खाणका अनुसार घरमा बालकृष्णकी आमा र श्रीमती मात्र रहेका थिए ।

**पोखरामा निषेधाज्ञा जारी**
जिल्ला प्रशासन कार्यालय, कास्कीले पोखराका केही स्थानलाई निषेधित क्षेत्र घोषणा गरेको छ । पोखरा महानगरपालिका–७ शहीदचोक क्षेत्रलाई निषेधित क्षेत्र घोषणा गरिएको प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले जानकारी दिए । उनका अनुसार सोमबार दिउँसो २ बजेदेखि अर्को आदेश नभएसम्मका लागि पूर्वतर्फ वाइचोक, उत्तरपूर्वतर्फ मिलनचोक, पश्चिमतर्फ फिस्टेगेट (बैदाम), उत्तरतर्फ मालमोत कार्यालय र दक्षिणतर्फ राष्ट्रबैङ्कचोक (दक्षिण पश्चिमतर्फ पर्यटन बोर्डको कार्यालयअगाडि, ड्यामसाइड) सम्मलाई निषेधित क्षेत्र घोषणा गरिएको हो । 'जेन्जी'को प्रदर्शन अराजक बनेपछि सुरक्षाका लागि निषेधाज्ञा जारी गरिएको प्रशासनले जनाएको छ । यसअघि जेन्जी आन्दोलनकारीले गण्डकी प्रदेशका मुख्यमन्त्रीको कार्यालयमा आगजनी प्रयास गरेका छन् । उनीहरूले आगजनी प्रयास गरेपछि प्रहरीले बल प्रयोग गरेको थियो । आन्दोलनकारीलाई नियन्त्रणमा लिन प्रहरीले अश्रुग्यास र पानीका फोहोरा प्रहार गरेको छ । कास्कीमा कर्फ्यु जारी भएको छ ।

**इटहरीमा दुईको मृत्युपछि कर्फ्यु**
सुनसरीको इटहरीमा भएको प्रदर्शनक्रममा प्रहरीको गोली लागेर २ जनाको मृत्यु भएको छ । मृतकको अहिलेसम्म पहिचान खुलेको छैन । उनीहरू २५ र ३० वर्षका युवा रहेको प्रहरीले बताएको छ । घाइते भएपछि उनीहरूलाई धरान लगिएको थियो । बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पु¥याउनासाथ चिकित्सकले मृत घोषणा गरेका हुन् । इटहरीमा गोली लागेर घाइते भएकामध्ये १ जनाको उपचार भइरहेको छ ।
जिल्ला प्रशासन कार्यालय सुनसरीले अर्को सूचना जारी नहुञ्जेलसम्मका लागि इटहरी उपमहानगरपालिकामा निषेधाज्ञा आदेश जारी गरेको छ । स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (क) बमोजिम कर्फ्यु आदेश जारी गरिएको सुनसरीका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले जानकारी दिए ।
उत्तरतर्फ इटहरीस्थित नेपाली सेनाको ब्यारेकदेखि पारुहाङ चोकसम्म, पूर्वमा मिलन चोकदेखि जुट विकाससम्म, दक्षिणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, यातायात व्यवस्था कार्यालय, साथी पेट्रोलपम्प र पुष्पलाल चोक हुँदै बसपार्क क्षेत्रसम्म र पश्चिमतर्फ कलङ्की मोडदेखि जनताबस्तीसम्मका क्षेत्रमा निषेधाज्ञा आदेश जारी गरिएको जिल्ला प्रशासन कार्यालयले स्पष्ट गरेको छ ।
कर्फ्यु जारी गरिएका क्षेत्रमा कुनै पनि किसिमका सभा, जुलुश, भेला, बैठक, प्रदर्शन, घेराउ गर्न नपाइने कानूनी व्यवस्था छ । इटहरी उपमहानगरपालिकामा भ्रष्टाचार भएको भन्दै नाराबाजीसहित प्रदर्शनमा उत्रिएका जेन–जी पुस्ता र प्रहरीबीच यसअघि झडप भएको थियो । यसअघि आन्दोलनमा उत्रिएको युवापुस्ताले सुनसरीको इटहरी उपमहानगरपालिकाको कार्यालयमा आगो लगाइदिएका छन् । सोमबार दिउँसो पालिका परिसर भित्र प्रदर्शनकारी प्रवेश गरेका थिए । प्रदर्शनकारीलाई लक्षित गर्दै प्रहरीले हवाईफायर गरेको थियो । लगत्तै प्रदर्शनकारीले इटहरी उपमहानगरपालिकाको मेयरको कार्यकक्ष, राजस्व शाखा र स्टोर शाखामा आगो लगाइदिएका हुन् ।

**झापामा गोली चल्यो**
झापाको दमकमा प्रदर्शनक्रममा ३ जनालाई गोली लागेको छ । गम्भीर घाइते तीनजनाको बिएण्डसी अस्पतालमा उपचार भइरहेको छ । सामाजिक सञ्जाल बन्द र भ्रष्टाचारको विरोधमा आन्दोलनमा उत्रिएको जेन्जी युवाहरुको समूहले झापामा प्रधानमन्त्री केपी शर्मा ओलीको निवासमा ढुंगामुढा प्रहार गरेका छन् । प्रदर्शनमा उत्रिएका जेन्जीलाई प्रहरीले रोकेपछि दमकस्थित निवासबाट करिब १ मिटर टाढाबाट ढुंगामुढा प्रहार गरेका हुन् । सोमबार दिउँसो दमक नगरपालिकाको कार्यालय अगाडि प्रदर्शन र आगजनीपछि आन्दोलनकारी प्रधानमन्त्री केपी शर्मा ओलीको निवासतर्फ लागेका थिए ।

**मुख्यमन्त्री कार्यालय अगाडि प्रदर्शन**
कर्णाली प्रदेशको मुख्यमन्त्री कार्यालय जेन्जीहरूले शान्तिपूर्ण प्रदर्शन गरेका छन् । सुर्खेतको वीरेन्द्रनगरको मंगलगढी चोकबाट शुरु भएको विरोध ¥याली घण्टाघर अगाडि कोण सभामा परिणत भएको थियो । 'जुरुक्क जेन्जी' जिउँदो कर्णाली अभियान थालेका युवाहरूले शान्तिपूर्ण आन्दोलन गरेका थिए ।

**'गृहमन्त्री राजीनामा देऊ'**
जेन्जीको प्रदर्शनलाई लिएर गृहमन्त्री रमेश लेखकको आलोचना भएको छ । नेपाली कांग्रेसभित्रैबाट उनको राजीनामा माग भएको छ । कांग्रेस केन्द्रीय सदस्य डा.
*बाँकी पृष्ठ २ मा*

## मधेशमा पनि जेन्जीको प्रदर्शन
## वीरगंजमा कर्फ्यु



सोमबार राति ९ बजेदेखि पर्साको वीरगंज महानगर एरियाका ४ स्थान तोकेर कर्फ्यु आदेश जारी भएको छ । जिल्ला प्रशासन कार्यालय पर्साका प्रमुख जिल्ला अधिकारी तोय नारायण सुवेदीका अनुसार सोमबार राति ९ बजेदेखि मंगलबार बिहान ९ बजेसम्मका लागि कर्फ्यु लगाइएको हो ।
पूर्वमा बाइपास रोड, पश्चिम सिर्सिया रोड, उत्तर गण्डक चोक र दक्षिणमा शंकराचार्य गेटसम्म कफ्र्यु लगाइएको उनी बताउँछन् । कर्फ्यु अवधिभर यस एरियामा आवतजावतसहित कुनै प्रकारका भेला, गोष्ठी, सभा, जुलुस तथा प्रदर्शन लगायतका कार्यक्रमहरु गर्न पाइनेछैन । यसअघि सरकारले सामाजिक सञ्जालमा लगाएको प्रतिबन्ध र देशभर मौलाएको भ्रष्टाचारविरुद्ध मधेश प्रदेशको राजधानी जनकपुरधाम, आर्थिक राजधानी वीरगंजमा समेत जेन्जी पुस्ताले सोमबार विरोध प्रदर्शन गरेका छन् । देशैभर जेन्जी पुस्ताले स्वतःस्फूर्त रूपमा प्रदर्शन गर्ने क्रममा जनकपुरधामका युवाले पनि नगर परिक्रमा गर्दै जनक चोकमा कोणसभा गरेका थिए ।
कोणसभामा सहभागी युवाहरूले लोकतान्त्रिक अधिकारमाथि सरकारले निरन्तर हस्तक्षेप गरिरहेको भन्दै खबरदारी गरेका थिए । कोणसभामा बोल्दै युवा दिवाकर उप्रेतीले सरकारको संरक्षणमा भ्रष्टाचार बढ्दै गएको र त्यसविरुद्ध सामाजिक सञ्जालमार्फत आवाज उठाउँदै आएकोमा सरकारले सञ्जालसमेत बन्द गरेपछि सडकमा आउन बाध्य भएको बताए । 'हामीले हाम्रो अधिकार गुमाउनु हुँदैन, सरकारको गलत कदमविरुद्ध अब प्रत्यक्ष सडकमै उभिनुपर्छ,' उप्रेतीले भने । कार्यक्रममा जनकपुरधामका विभिन्न टोलका नवयुवाको उल्लेख्य सहभागिता थियो । उनीहरूले सरकारको दमनकारी निर्णयको विरोध गर्दै सुशासन र पारदर्शिताका लागि आन्दोलनलाई निरन्तरता दिने प्रतिवद्धता व्यक्त गरे ।
भ्रष्टाचार, अव्यवस्था र सामाजिक सञ्जाल बन्द गर्ने सरकारको निर्णयविरुद्ध वीरगंजमा पनि प्रदर्शन गरिएको छ । सरकारद्वारा प्रतिबन्ध गरिएको सामाजिक सञ्जाल पुनः सञ्चालन, भ्रष्टाचारको अन्त्य, सुशासनको स्थापना र जवाफदेही शासन प्रणालीको मागलाई लिएर वीरगंजको घण्टाघर चोकमा उत्रिएका सयौँ युवाहरूले विरोध प्रदर्शन गरेका हुन् । सोमबार बिहानैदेखि वीरगंजको घण्टाघर क्षेत्रमा युवाहरू भेला भएर जोसपूर्ण नाराबाजीका साथ आन्दोलनमा सहभागी भएका थिए । घण्टाघरबाट शुरु भएको परिक्रमा माइस्थान, आदर्शनगर, घडिअर्वा हुँदै पुनः घण्टाघर मै आएर समापन भएको थियो । यसैबिच, सामाजिक सञ्जाल प्रतिबन्ध र भ्रष्टाचारविरुद्ध रौतहटमा पनि जेनजीले प्रदर्शन गरेका छन् । रौतहटको चन्द्रनिगाहपुरमा उनीहरुले सरकारविरुद्ध चर्को नाराबाजी गर्दै चोक परिक्रमा गरे । चन्द्रपुरको पुरानो बजारमा भेला भएका अधिकांश
किशोरकिशोरीहरु कलेज पोशाकमा थिए । सरकारमा बसेकाहरु सबै भ्रष्टाचारमा लिप्त भएको भन्दै विरोध जनाएका छन् ।



## सम्पादकीय

# प्रधानमन्त्रीज्यू, अब त जवाफ दिनुपर्छ

*प्रिय प्रधानमन्त्रीज्यू, सोमबार हठात् देशभर भएको युवा पुस्ताको प्रदर्शनबारे गलत सूचना सिरानी हालेर बसेबापत ठूलो मानवीय क्षति बेहोर्न तपाईं बाध्य हुनुभएको संसारले देखेको छ। चम्चा र चाकरहरुले, ढोके र बैठकहरुले जनताबाट टाढा राखेर, सत्य लुकाएर भ्रमले कान भरेर आफ्नो आयु पार गरे पनि अन्ततः सडकमा उत्रिएको यो पुस्तासँग तपाईंको परिचय नकारात्मक बनाउने यस्तो बेलासम्म तपाईंको सचिवालय कसरी नतमस्तक भएर तपाईंलाई नै भ्रमको विच्छयौनामा सुताउन सफल भयो, अब त बुझ्नु भयो होला । अघिल्लो कार्यकालमै बदनामी कमाएको तपाईंको पुरानै सचिवालय छाड्न नसक्दा देशका होनहार र तपाईंले सम्बोधन गर्ने 'प्रिय छोराछोरीहरु' आज शहीद भएका छन् । पाँच घण्टाका बीचमा २३ जनाको हत्या राज्यबाट हुनु र तपाईंको सुरक्षा कमाण्डरले नैतिकताका आधारमा सोमबार राति नै राजीनामा दिंदा पनि तपाईं अझै फेसबुकको मुकुन्डो बोकेर फेस सेभमा लाग्नु राज्यमाथि धोका हो । सत्ता गठबन्धनको आग्रहसमेत दुत्कारेर बस्नु राजनीतिक बेइमानी हो । नाति पुस्ताका नागरिकमाथि सत्ताले देखाएको यो उन्माद, बगेको रगत र क्षतिको जवाफ अब तपाईं आफैँ सतहमा उत्रेर दिनुपर्नेछ । नागरिकका दुःखबारे संवेदनशील भएर जवाफ दिन नसक्दा नै यो क्षति भएको हो । पारस शाहले सवारीले चेपेर गायक प्रवीण गुरुङ मार्दा उनको शाहज्यादा पद नै खोस्नु पर्छ भनेर आन्दोलन गर्ने राजनीतिबाट सत्तामा पुगेको तपाईंले दुई दिनअघिमात्रै एमाले विधान महाधिवेशनका दौरान गोदावरीमा कोशी प्रदेशका मन्त्री राम रानाको गाडीले जेब्राक्रसिङमै ठक्कर दिएकी बालिकाबारे कुनै जवाफ चित्तबुझ्दो दिनु भएन। सडकमा युवा र किशोरकिशोरी उतार्न तपाईंको छुद्र अभिव्यक्ति काफी थियो । फेसबुकमा ४ जनाको जागिर गयो भनेर उप्रलने भनेर दिइएको अभिव्यक्ति उस्तै युवापुस्ता चिढ्याउने थियो । तपाईंका वाणीले तपाईंका प्रिय छोराछोरीको मन दुखेको थाहा पाउनु भयो कि अब ?*

*२०५१ सालमा तपाईं गृहमन्त्री हुनुहुन्थ्यो । कालगतिबाहेक एक जना पनि सरकारको गोलीबाट नमरेको जिकिर सुनाउनु हुन्थ्यो । आज तपाईं प्रधानमन्त्री रहँदा भएको घटनामा गृहमन्त्री राजीनामा दिएर भाागिसकेका छन् । उनलाई उम्काउनु भयो कि ? जब डुंगामा प्वाल पर्छ, यसरी नै मुसाहरु हाम्फाल्छन् र मर्छन् । आज उम्किए पनि यो कलंकको दागले रमेश लेखकको राजनीति अब माथि उठ्न निकै हम्मे पर्नेछ । अब तपाईंका कारण देश मात्रै होइन, नेकपा एमालेको रहरलाग्दो पार्टी, संगठन, राजनीति पनि संकटमा पर्दैछ । सबै एकाकार भएर घेराबेरा गर्दैछन् । यतिबेला चित्तबुझ्दो जवाफ दिने बेला आएको छ । अब पनि उन्माद, बठ्याइँ, तुक्काबन्दी नगर्नुहोला । अन्यथा क्षति अरु महंगो पर्न सक्छ !*

# जेन्जी पुस्ताको आन्दोलनमा २१ युवाको शहादत, अपूरणीय क्षति...




गोविन्द पोखरेलले गृहमन्त्री लेखकले तत्कालै राजीनामा दिनुपर्ने बताएका हुन् । सामाजिक सञ्जाल एक्समा उनले लेखेका छन्, 'गृहमन्त्रीले तुरुन्तै राजीनामा दिनु पर्यो । यदि नदिए पार्टीले तुरुन्तै फिर्ता बोलाउनु प¥यो ।'

**चार पत्रकारलाई गोली लाग्यो**

'जेन्जी' प्रदर्शनको समाचार सङ्कलनमा खटिएका चार पत्रकार घाइते भएका छन् । नयाँ बानेश्वर क्षेत्रमा विरोध प्रदर्शनको समाचार सङ्कलन गर्न खटिएका पत्रकारहरु श्याम श्रेष्ठ, दीपेन्द्र ढुङ्गाना, उमेश कार्की र शम्भु दङ्गाल घाइते भएका नेपाल पत्रकार महासङ्घले जनाएको छ । घाइते पत्रकारको ट्रमा सेन्टर, पाटन अस्पताल र सिभिल अस्पतालमा उपचार भइरहेको छ ।

कांग्रेसले बोलायो बैठक

नेपाली कांग्रेसले मुलुकको पछिल्लो अवस्थाबारे छलफल गर्न पार्टीको केन्द्रीय कार्यसम्पादन समितिको बैठक बोलाएको छ । भदौ २४ गते बिहान ९ बजे सभापति शेरबहादुर देउवा निवास बूढानीलकण्ठमा बस्ने बैठकमा समसामयिक राजनीतिक विषयमा छलफल हुने मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए । बैठकमा केन्द्रीय कार्यसम्पादन समितिका पदाधिकारी एवम् सदस्यहरूको उपस्थितिका लागि निर्देशानुसार अनुरोध गरिएको छ ।

**घाइतेको उपचार निःशुल्क**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सोमबार भएको आन्दोलनमा घाइते भएका नागरिकको उपचार निःशुल्क गर्न मातहतका सबै सङ्घीय अस्पतालहरूलाई निर्देशन दिएको छ । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलको अग्रसरतामा मन्त्रालयले सङ्घीय अस्पतालमा आउने आन्दोलनका घाइतेलाई कुनै शुल्क नलाग्ने गरी शीघ्र उपचारको व्यवस्था गर्न 'सर्कुलर' जारी गरिएको हो । यसैगरी, मन्त्रालयले एम्बुलेन्स सेवालाई थप प्रभावकारी बनाउन र आवश्यक परेका विभिन्न स्थानमा सहजै उपलब्ध गराउन पनि निर्देशन दिएको छ । काठमाडौँ उपत्यकाको एम्बुलेन्स सञ्चाललाई अस्पतालबाट 'रिफर' हुने बिरामीलाई अर्को अस्पतालमा लिएर जान सहजीकरणका लागि समेत आह्वान गरेको छ । साथै, सम्पूर्ण चिकित्सक एवम् स्वास्थ्यकर्मीलाई एकजुट भई घाइतेको उपचारमा जुट्न पनि मन्त्रालयले आह्वान गरेको छ ।

**५४ जना पक्राउ**

सामाजिक सञ्जालमाथिको प्रतिबन्ध र भ्रष्टाचारको विरुद्धमा प्रदर्शनमा उत्रिएका जेन्जी समूहका ५४ जनालाई प्रहरीले पक्राउ गरेको छ । प्रदर्शन स्थलमा उच्छृंखल गतिविधि गर्ने ५४ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौँका एसपी अपिल बोहराले बताए । युवा विद्यार्थीहरूले सामाजिक सञ्जालमा 'नेपो बेवी' ट्रेन्ड चलाएर प्रदर्शनमा सहभागी हुन आह्वान गरेका थिए । 'नेपो बेवी' ट्रेन्ड अन्तर्गत उनीहरुले नेताका छोराछोरीलाई निशाना बनाएका हुन् ।

**अर्ली इलेक्सनमा जाऔँ**

राष्ट्रिय स्वतन्त्र पार्टीले नेपाली कांग्रेस र नेकपा एमालेको वर्चस्व रहेको वर्तमान संघीय संसद् राष्ट्रिय मुद्दा समाधान गर्न असमर्थ भएको ठहर गर्दै ताजा जनादेशका लागि शीघ्र चुनावको माग अघि सारेको छ । प्रहरीसँगको झडपका क्रममा मारिएका 'जेन्जी आन्दोलनका युवाहरू'प्रति श्रद्धाञ्जली व्यक्त गर्दै रास्वपाले घाइतेहरूको निःशुल्क उपचारको व्यवस्था गर्न पनि सरकारलाई आग्रह गरेको छ । पार्टी सचिवालय बैठकले शीघ्र चुनावको माग गरेको हो ।

**ललितपुरमा पनि कर्फ्यु**

ललितपुरमा सर्वसाधारण तथा सवारी साधन आवतजावत बाहेक कुनै पनि किसिमको सभा, जुलुस, भेला, धर्ना जस्ता कार्यहरु गर्न निषेध गरिएको छ । सोमबार प्रमुख जिल्ला अधिकारीले आदेश जारी गर्दै अर्को सूचना जारी नभएसम्म सभा, जुलुस, भेला, धर्ना जस्ता कार्यहरु गर्न निषेध गरिएको हो । जेन्जी पुस्ताका युवाहरुको प्रदर्शन हिंसात्मक बनेपछि प्रशासनले यस्तो कदम चालेको हो ।

**समाजवादीको कार्यालय तोडफोड**

जेन्जी आन्दोलनक्रममा नेकपा एकीकृत समाजवादीको केन्द्रीय कार्यालय तोडफोड भएको छ । काठमाडौँको आलोकनगरमा रहेको पार्टी कार्यालयमा तोडफोड भएको नेकपा एकीकृत समाजवादीका उपाध्यक्ष प्रकाश ज्वालाले जानकारी दिए । नेता ज्वालाका अनुसार ढुंगामुढाबाट कार्यालयका र झ्यालका सिसा फुटेका छन् । त्यस्तै गेटसमेत तोडफोड गरिएको छ । आन्दोलनकारीले आगो समेत लगाउने प्रयास गरेका थिए । तोडफोडपछि प्रहरीले सुरक्षा दिएको ज्वालाले जानकारी दिए । यसअघि २०८१ चैत १५ गते भएको राजावादी पक्षधरको आन्दोलनका क्रममा पनि पार्टी कार्यालयमा तोडफोड र आगजनीको प्रयास भएको थियो ।

**सेयर बजारमा पहिरो**

सोमबार सेयर बजार उच्च अंकले घटेको छ । देशभर जेन्जी पुस्ताको नेतृत्वमा सरकारविरुद्ध आन्दोलन भइरहेको बेला सेयर बजारमा ३५.९९ अंकको गिरावट आएको छ । योसँगै बजार परिसूचक २६७२.२५ अंकमा झरेको छ । सोमबार ५ अर्ब २३ करोड रुपैयाँ बराबरको सेयर कारोबार भएको छ । बजारमा २३ कम्पनीको मूल्य घटेको छ भने २ सय २८ कम्पनीको मूल्य बढेको छ । सबैभन्दा धेरै सूचक ट्रेडिङ सेक्टर २.३१ प्रतिशत घटेको छ । थप आठवटा समूह १ प्रतिशत भन्दा धेरै तथा बाँकी समूह १ प्रतिशत भन्दा कमले घटेका छन् । बजारमा सबैभन्दा धेरै हिमालयन हाइड्रोपावरमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्ने बाराही हाइड्रोको मूल्य ५.२८ अंकले घट्दा बाँकीको उल्लेख्य घटबढ भएन ।

**त्रिविले परीक्षा सार्यो**

त्रिभुवन विश्वविद्यालयले भदौ २४, २५ र २६ का लागि तय गरिएका स्नातक तहका परीक्षा स्थगित गरेको छ । त्रिवि परीक्षा नियन्त्रण कार्यालय बल्खुका अनुसार २२ गतेदेखि सञ्चालित ४ वर्षे स्नातक तह दोस्रो वर्ष (आंशिक तथा मौका) परीक्षामध्ये उक्त दिन बिहान ७ देखि १० सम्म र दिउँसो १२ देखि ३ बजेसम्म सञ्चालन हुने परीक्षा स्थगित गरिएको हो । त्रिवि केन्द्रीय परीक्षा सञ्चालक समितिको सोमबारको बैठकले देशमा उत्पन्न आकस्मिक असहज परिस्थिति भन्दै परीक्षा स्थगित गरेको हो। स्थगित परीक्षाहरु असोज २, ४ र ५ गते सोही समय र सोही परीक्षा केन्द्रमा सञ्चालन हुने त्रिविले जनाएको छ । सोमबार जेन्जीले गरेको प्रदर्शनमा ठूलो संख्यामा मानवीय क्षति र घाइते भएसँगै उपत्यका र अन्यत्र समेत कफ्र्यु आदेश जारी गरिएको छ ।

**विराटनगरमा विद्यालय नै बन्द**

विराटनगरमा दुई दिन विद्यालय बन्द गर्ने निर्णय भएको छ । जेन्जी आन्दोलनका कारण मंगलबार र बुधबार विद्यालय बन्द गर्ने निर्णय भएको हो । मोरङका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवका अनुसार, सरोकारवालाहरूको बैठकले भोलि र पर्सि विद्यालय बन्द गर्ने निर्णय भएको हो । उनका अनुसार स्कुल भोलि मात्रै बिदा हुनेछ, प्लस टु पर्सिसम्म बिदा हुनेछ । 'विराटनगरमा सरोकारवालाहरुले विद्यालय बन्द गर्ने निर्णय गरेको रहेछ, मलाई जानकारी आएको थियो,' उनले भने । जेन्जीको आन्दोलन उग्र बनेपछि प्याब्सन र हिसानले विद्यालय बन्दका लागि स्थानीय प्रशासनसँग पहल गरेका थिए । प्याब्सनका केन्द्रीय सल्लाहकार टीकाराम पुरीका अनुसार मंगलबार र बुधबार २ दिन विराटनगरमा विद्यालय बिदा दिने हुनेछ । उनका अनुसार जेन्जी समूहको आन्दोलनका कारण विद्यालय बिदा गरिएको हो । निजी विद्यालय सञ्चालकहरुको संगठन प्याब्सनका पूर्वअध्यक्ष टीकाराम पुरीले जेन्जीको आन्दोलनका कारण विद्यालय सञ्चालन गर्ने वातावरण नभएको बताएका छन् । 'विराटनगरमा दुई दिन विद्यालय बन्द गर्ने निर्णय भइसकेको छ,' उनले भने, 'काठमाडौं उपत्यकाका पनि निर्णय आउँदै गर्ला तर मलाई लाग्छ दुई दिनजति विद्यालय सञ्चालन गर्ने वातावरण छैन ।'

**रगत अभाव भए १११५ मा फोन गरौँ**

जेन्जीको प्रदर्शनका क्रममा घाइतेलाई रगतको अभाव हुन नदिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले रगतको उपलब्धताबारे अस्पताललाई जानकारी प्रदान गर्न 'हटलाइन १११५' रातभर सञ्चालन गर्ने भएको छ । मन्त्रालयका अनुसार कुनै पनि अस्पतालमा रगतको अभाव भएमा उक्त अस्पतालले सिधैँ १११५ मा फोन गरेर रक्त सञ्चार केन्द्र वा अस्पतालमा रगत उपलब्ध छ भन्ने जानकारी तत्काल पाउन सक्नेछन् । यसअघि 'हेल्लो स्वास्थ्य कार्यक्रम' अन्तर्गत सञ्चालित यो हटलाइन सेवा दैनिक बिहान ८ बजेदेखि बेलुका ८ बजेसम्म मात्र उपलब्ध थियो ।

तर, सोमबार भएको प्रदर्शनका क्रममा घाइते भएका व्यक्तिहरूको उपचारमा रगतको कमी हुन नदिन र सहज उपलब्धताका लागि मन्त्रालयले यो सेवालाई रातभर सञ्चालन गर्ने निर्णय गरेको हो । स्वास्थ्य मन्त्रालये घाइते भएकालाई निःशुल्क उपचारको व्यवस्था गर्न सबै सङ्घीय अस्पताललाई सर्कुलरसमेत जारी गरिसकेको छ ।

**खेल स्थगित**

मंगलबार हुने भनिएको नेपाल र बंगलादेशबीच दोस्रो अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल स्थगित गरिएको छ । अखिल नेपाल फुटबल संघ (एन्फा) ले सोमबार विज्ञप्ति जारी गर्दै हालको अवस्थालाई मध्यनजर गर्दै खेल स्थगित गरिएको जनाएको छ । 'देशमा देखा परेको हालको अवस्थालाई मध्यनजर गरी खेल स्थगित गरिएको छ,' जारी विज्ञप्तीमा भनिएको छ । यसअघि बंगलादेशसँगको पहिलो मैत्रीपूर्ण खेल गोलरहित बराबरीमा सकिएको थियो ।

**फेसबुक नखोलिने प्रधानमन्त्रीको अडान**

प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिबन्ध लगाइएका सामाजिक सञ्जालहरु खोल्न नसकिने अडान लिएका छन् । मन्त्रिपरिषद् बैठक अगाडि बसेको नेपाली कांग्रेस पदाधिकारी तथा पूर्वपदाधिकारीको बैठकले सामाजिक सञ्जालहरुमाथि लगाइएको प्रतिबन्ध खोल्न सरकारलाई आग्रह गर्ने निर्णय गरेको थियो । स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले पार्टी निर्णयबारे प्रधानमन्त्री ओलीलाई जानकारी दिएका थिए । 'जे क्षति भयो, त्यो क्षति अनुसार आजको मन्त्रिपरिषद् बैठक बस्दै गर्दा आन्दोलनकारीको मागबारे केही न केही सम्बोधन गर्नुपर्छ,' पौडेलको प्रस्ताव थियो, 'त्यो सम्बोधन गर्ने क्रममा सामाजिक सञ्जाल दर्ता कुटनैतिक ढंगले पहल गर्दै जाने र तत्काललाई खोल्ने निर्णय गर्नुपर्छ ।' तर प्रधानमन्त्री ओलीले तत्काल प्रतिबन्ध हटाउन नसकिने जवाफ दिएका छन् । 'सभापतिज्यूले पनि भन्नुभएको थियो । तर कम्पनीहरुले खुलेआम रुपले दर्ता गर्दैनौं भनिरहका छन् । नियमन नगरी यतिकै खोल्न सकिदैँन', प्रधानमन्त्री ओलीले भने ।

**प्रधानमन्त्री भेट्न देउवा बालुवाटार पुगे**

जेनजी प्रर्दशनकारीले देशका विभिन्न स्थानमा गरेको प्रदर्शनमा सरकारले गरेको व्यापक दमनमा ठूलो मानवीय क्षति भएपछि प्रधानमन्त्री केपी शर्मा ओलीसँग कुरा गर्न नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा बालुवाटार पुगेका छन् । सरकारले बिहीबारदेखि बन्द गराएको सामाजिक सञ्जाल तत्काल खोल्न देउवाले ओलीलाई फोनबाट आग्रह गरेका थिए । उनले सोमबार बेलुकादेखि नै बन्द गरिएका सबै सञ्जाल खोल्नेगरी मन्त्रिपरिषद् बैठकबाट निर्णय गर्न भनेका थिए। तर, लगत्तै बसेको मन्त्रिपरिषद बैठकले त्यसबारे कुनै निर्णय गरेन । त्यही विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेल र प्रधानमन्त्री ओलीबीच चर्काचर्की परेको थियो । अहिले बालुवाटारमा मन्त्री पौडेल, परराष्ट्रमन्त्री आरजु राणालगायतका नेता बैठकमा सहभागी छन् । कांग्रेसको सोमबार साँझ बसेको पदाधिकारी र पूर्व पदाधिकारी बैठकले जेनजीको प्रदर्शनमा भएको क्षतिको बारेमा समीक्षा गरेको थियो । गृहमन्त्री रमेश लेखकले आफूले राजीनामा दिने बताएर मन्त्रिपरिषद् बैठकमा हिँडेका थिए । लगत्तै उनले राजीनामा दिइसकेका छन् ।

**माओवादीको पदाधिकारी बैठक**

प्रमुख प्रतिपक्षी नेकपा (माओवादी केन्द्र)ले पदाधिकारीको आकस्मिक बैठक बोलाएको छ । राति साढे ८ बजे पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को निवास खुमलटारमा बस्नेगरी बैठक बोलाइएको हो । जेनजीको प्रदर्शन हिंसात्मक भएको र धेरैको मृत्यु भएपछि यसबारे छलफल गर्न माओवादीले आकस्मिक बैठक बोलाएको हो । यसअघि माओवादीले मध्यपहाडी लोकमार्गकेन्द्रित अभियान समेत स्थगित गरेको छ । यो समाचार तयार पार्दासमम बैठक चलिरहेको छ ।

**न्यायाधीशहरु अदालतमै**

जेन्जीको प्रदर्शनले काठमाडौँको बानेश्वरदेखि माइतीघर क्षेत्र तनावग्रस्त छ । बबरमहलमा रहेको विशेष अदालतमा साढे ५ बजेसम्म इजलास चलिरहेको थियो । न्यायाधीशहरू बाहिर निस्किन खोज्दा अवस्था तनावग्रस्त देखियो । नजिकैको जिल्ला प्रशासन कार्यालयले करफ्यु जारी गरेको छ । त्यसैले विशेष अदालतका ६ जना न्यायाधीश र केही कर्मचारी राति अबेरसम्म कार्यालयमै रोकिएका छन् । उनीहरू निवास फर्किन सकेका छैनन् । 'हामी कार्यालयमै छौँ, कतै गुहार माग्न पनि सकेका छैनौँ,' अदालतका एक अधिकारीले भने । नजिकैको जिल्ला अदालतका सबै न्यायाधीशहरू भने घर गइसकेको स्रेस्तेदार तीर्थराज भट्टराईले बताए ।

**राष्ट्रपतिको अपिल**

राष्ट्रपति रामचन्द्र पौडेलले देशमा हाल उत्पन्न भएको परिस्थितिबारे गम्भीर चिन्ता व्यक्त गरेका छन् । उनले 'जेन्जी' पुस्ताले गरेको प्रदर्शनका क्रममा ठूलो संख्यामा नागरिक हताहत भएको घटनाबाट आफू मर्माहत भएको बताएका हुन् । राष्ट्रपति पौडेलले घटनामा ज्यान गुमाएका परिवारप्रति गहिरो समवेदना र सहानुभूति व्यक्त गरेका छन् । उनले घाइतेहरूको तत्काल उपचारका लागि सरकारलाई आग्रह पनि गरेका छन् । उनका प्रेस सल्लाहकार किरण पोखरेलले दिएको जानकारीअनुसार राष्ट्रपति पौडेलले अप्रत्याशित रूपमा भएको यो घटनाले आफूलाई चिन्तित तुल्याएको बताएका छन् । उनले वर्तमान विषम परिस्थितिलाई ध्यानमा राखेर शान्ति र संयमपूर्वक समस्याको निकास निकाल्न सबै पक्षलाई अपिल गरेका छन् ।

# बोक्सीको आरोपमा महिलामाथि कुटपिट

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको गरुडा नगरपालिका–८ बसबिट्टी जिङ्गडियामा ५५ वर्षीय सुशीला देवीमाथि छिमेकीहरूले बोक्सीको आरोप लगाई सामूहिक कुटपिट र अमानवीय व्यवहार गरेका छन् । आइतबार दिउँसो भएको यस घटनामा पीडित महिलाको केश मुण्डन समेत गरिएको प्रहरीले जनाएको छ । स्थानीय ४० वर्षीय दिनेश साह कानुकी पत्नी ३७ वर्षीया संगीता देवी अकस्मात बिरामी परेपछि उपचारका लागि गरुडास्थित रोमा अस्पताल पु¬याइएकी थिइन् ।

त्यहाँ उपचार सम्भव नभएपछि उनलाई थप उपचारका लागि वीरगंज लैजाने क्रममा बाटोमै मृत्यु भएको थियो । उनको मृत्युको जिम्मेवारी सुशीला देवीलाई दिँदै मृतकका परिवारका सदस्य दिनेश साह कानु, उनका छोरा २२ वर्षीय गोलु साह कानु र ३५ वर्षीय विक्रम साह कानुले सुशीला देवीमाथि 'टुनामुना गरेर मारिन्' भन्ने आरोप लगाएका थिए । सोही आरोपलाई आधार बनाएर उनीहरूमार्फत पीडित महिलालाई कुटपिट गरिनुका साथै केश मुण्डन गरिएको पीडित पक्षले जनाएको छ । घटनाबारे जानकारी पाएलगत्तै दिउँसो करिब ३ बजे इलाका प्रहरी कार्यालय गरुडाको टोली घटनास्थल पुगेको थियो । प्रहरीले तत्कालै पीडितलाई उद्धार गरेको भए पनि संलग्न तीनै जना पुरुष घटनापछि फरार भएका छन् । इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डीएसपी राजन कार्कीका अनुसार पीडितको तर्फबाट ७ जनाविरुद्ध जाहेरी दर्ता भएको छ ।

'बोक्सीको आरोपमा महिलालाई कुटपिट मात्र नभई केश मुण्डन समेत गरिएको उजुरी परेको छ,' डीएसपी कार्कीले भने । उनका अनुसार घटनाबारे थप अनुसन्धान भइरहेको छ । सुशीला देवीका परिवारले दोषीलाई तत्काल पक्राउ गरी कडा कानूनी कारबाही गर्न माग गरेका छन् । 'निर्दोष महिलालाई बोक्सीको आरोप लगाएर सार्वजनिकरूपमा अपमान गर्नु अत्यन्तै अमानवीय काम हो,' पीडित पक्षले भनेको छ । समाजमा अझै बोक्सीको आरोपमा हुने हिंसा रोकिएको छैन । कानुनले यस्तो कार्यलाई गम्भीर अपराध मानेर सजायको व्यवस्था गरे पनि विभिन्न ठाउँमा यस्ता घटनाहरू हुने गरेको तथ्याङ्कले देखाएको छ । अधिकारकर्मीहरूले दोषीलाई कठोर कारबाही गरेर मात्रै यस्ता घटनामा कमी ल्याउन सकिने बताएका छन् ।

# बाघको आक्रमणबाट महिनामा चारजनाको मृत्यु

**बारा ।**
बाघको आक्रमणबाट बारामा एक महिनामा चार जनाको मृत्यु भएको । बाघको आक्रमणबाट मृत्यु हुनेमा जीतपुरसिमरा उपमहानगरपालिका–१ का ५५ वर्षीय छेवाङ्ग लामा, जीतपुरसिमरा–२ का ५५ वर्षीय कृष्णप्रसाद शर्मा, सोही वडाकै रमेश कार्की र मकवानपुरको मनहरी गाउँपालिकाका ५५ वर्षीय चन्द्रबहादुर भुलन रहेको प्रहरी उपरीक्षक सन्तोष तमाङले जनाकारी दिए । जिल्लाको जीतपुरसिमरा–४ स्थित प्रगतिशिल सामुदायिक वनमा बाघको आक्रमणबाट आइतबार एक पुरुषको ज्यान गएको थियो । इलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक बेदप्रकाश जोशीका अनुसार जीतपुरसिमरा–१ का ५५ वर्षीय छेवाङ्ग लामाको बाघको आक्रमणबाट ज्यान गएको हो । लामालाई आइतबार च्याउ टिप्न जङ्गल जाने क्रममा प्रगतिशील सामुदायिक वनभित्र बाघले आक्रमण गरेको हो । घाँस काट्न गएका स्थानीयले घटनास्थलमा शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । बाघलाई नियन्त्रणमा लिन चितवनबाट डार्ट टोली परिचालन गरिएको पर्सा राष्ट्रिय निकुञ्जका बरिष्ठ संरक्षण अधिकृत रामचन्द्र खतिवडाले जानकारी दिए । दुई वटा हात्ती सौराहाबाट बाघको खोजीका लागि आएको उनले बताए । बाघलाई डार्ट गर्न पशु चिकित्सकसहितको टोली जङ्गल क्षेत्रमा परिचालन गरिएको छ । रासस

# चट्याङ लागेर एक महिलाको मृत्यु

**मधेशदृष्टि**
**सिरहा ।**
सिरहामा चट्याङ लागेर एक महिलाको मृत्यु भएको छ । सिरहा नगरपालिका–१९ स्थित जोगिया टोलकी ५० वर्षीया सुलेनादेवी मण्डलको आइतबार दिउँसो चट्याङ लागेर घटनास्थलमै मृत्यु भएको हो । जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानका अनुसार मण्डललाई आफ्नै खेतमा घाँस काट्ने क्रममा चट्याङ लागेको थियो ।

प्रत्येक वर्ष मनसुनको समयमा चट्याङ लाग्ने घटनामा वृद्धि हुने गरेको भन्दै उनले स्थानीय बासिन्दालाई सतर्कता अपनाउन आग्रह गरेका छन् ।

# नौ सय बढी व्यवसायीलाई नापतौल इजाजतपत्र प्रदान

**जनकपुरधाम ।**
गुणस्तर तथा नापतौल कार्यालय जनकपुरधामले आर्थिक वर्ष २०८१/८२ मा ९१७ वटा नयाँ व्यवसायी तथा औद्योगिक प्रतिष्ठानलाई व्यावसायिक कारोबारका लागि नापतौल यन्त्र सञ्चालन गर्न इजाजतपत्र प्रदान गरेको छ । धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली तथा रामेछाप गरी कूल पाँच जिल्ला कार्यक्षेत्र रहेको सो कार्यालयले ती जिल्लाका व्यवसायीलाई सो नयाँ नापतौल इजाजतपत्र प्रदान गरेको हो । साथै सो कार्यालयले पाँचै जिल्लामा नापतौलमा अनियमितता गरेकाहरुलाई कारबाही गर्नुका साथै अनुगमन तथा निरीक्षण र नापतौल यन्त्रको इजाजत दिएको कार्यालयले जनाएको छ । नापतौलमा ठगी गर्ने तथा लामो समयदेखि नापतौल यन्त्रको नवीकरण नगराउने दुई हजार ४३ उद्योगी तथा व्यावसायिक फर्मलाई कारबाहीका साथै जरिवाना गरिएको कार्यालय प्रमुख सुनिलकुमार यादवले बताए । प्राप्त विवरणअनुसार सो अवधिमा दुई हजार ६३० जना व्यवसायीको नापतौल यन्त्रको जाँच गरिएको थियो । त्यसैगरी सर्लाहीको लालबन्दी र हरिवन नगरपालिका, महोत्तरीको गौशाला, रामेछापको मन्थली नगरपालिका एवम् सिन्धुलीको कमलामाई नगरपालिकामा नापतौल यन्त्रको प्रयोग, नापतौल जरिवाना तथा कानुनी कारबाहीसम्बन्धी चेतनामूलक कार्यक्रम गरिएको छ । उक्त अवधिमा कार्यालयले विभिन्न शीर्षकबाट ५१ लाख एक हजार ९६० राजस्व सङ्कलन गरेको छ । अघिल्लो आव २०८०/८१ मा उक्त कार्यालयले ४० लाख ६७ हजार दुई ४२ राजस्व सङ्कलन गरेको थियो । रासस

# दुई विद्यार्थीलाई अमरनाथ झा स्मृति पुरस्कार



**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरीको तिलाठी कोईलाडी गाउँपालिकाका दुई उत्कृष्ट विद्यार्थीलाई 'अमरनाथ झा स्मृति पुरस्कार–२०८२' प्रदान गरिएको छ । दिवंगत प्रधानाध्यापक अमरनाथ झाको दोस्रो स्मृतिमा सोमबार आयोजित कार्यक्रममार्फत पुरस्कृत विद्यार्थीलाई नगदसहित सम्मान गरिएको हो । पुरस्कार प्राप्त गर्नेमा पब्लिक माध्यमिक विद्यालय लौनियाँ तिलाठीकी छात्रा पल्लवी ठाकुर र जनता माध्यमिक विद्यालय तोपाका छात्र ओमनारायण यादव रहेका छन् । दुबै जना २०८१ सालको एसईईमा गाउँपालिकाबाट सबैभन्दा उत्कृष्ट अंक ल्याउने विद्यार्थी हुन् । कार्यक्रमका प्रमुख अतिथि तिलाठी कोईलाडी गाउँपालिका अध्यक्ष अरुणकुमार मण्डल र विशिष्ट अतिथि समाजसेवी इन्जिनियर शैलेन्द्रमोहन झाले दुवै विद्यार्थीलाई जनही २५ हजार पाँच सय रुपैयाँ नगदसहित प्रमाणपत्र प्रदान गरेका हुन् । यस अवसरमा पालिकाध्यक्ष मण्डलले दिवंगत प्रधानाध्यापक अमरनाथ झाप्रति श्रद्धाञ्जली अर्पण गर्दै शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेर काम भइरहेको बताए । 'विद्यालयमा अहिले जनशक्ति र पूर्वाधारको अभाव छैन, अभिभावकले नियमित रूपमा विद्यार्थीलाई विद्यालय पठाए भने आगामी दिनमा अझ राम्रो नतिजा आउनेछ,' उनले भने । ट्रष्टका अध्यक्ष राजीव झाको अध्यक्षतामा सम्पन्न कार्यक्रमलाई जसपा केन्द्रीय सदस्य डा. बबी सिंह यादव, वडा नं. १ का अध्यक्ष दिनेश्वर मिश्र, वडा नं. २ का अध्यक्ष कमल मण्डल, पुरस्कार छनोट समिति संयोजक दयाकान्त झा, सदस्य निरज मुक्ति, सल्लाहकार शम्भु झालगायतले सम्बोधन गरेका थिए । वक्ताहरूले दिवंगत प्रधानाध्यापक अमरनाथ झाको शैक्षिक र सामाजिक योगदान स्मरण गर्दै उनको आदर्शलाई पछ्याउँदै नयाँ पुस्तालाई ज्ञान–आधारित समाज निर्माणमा प्रेरित गर्नुपर्नेमा जोड दिए ।

समाजसेवी इन्जिनियर शैलेन्द्रमोहन झाले उत्कृष्ट विद्यार्थीलाई सम्मान गर्नु मात्र नभई भविष्यमा उनीहरूको क्षमता अझै उक्साउने अवसर दिन आवश्यक रहेको बताए । कार्यक्रममा सरोकारवाला, शिक्षक, विद्यार्थी र अभिभावकको उल्लेख्य उपस्थिति रहेको थियो । अमरनाथ झा मेमोरियल ट्रष्टले शिक्षा क्षेत्रमा उत्कृष्ट योगदान गर्ने विद्यार्थीलाई प्रत्येक वर्ष नियमित रूपमा सम्मान गर्ने जनाएको छ ।

# उद्योगपति बाबरा पुनः अध्यक्षमा निर्वाचित

**मधेशदृष्टि**
**रौतहट ।**
नेपाल मदिरा उत्पादक संघको पाँचौं अधिवेशन तथा दशौं वार्षिक साधारणसभाले रौतहटका उद्योगपति बैजु प्रसाद बाबरालाई पुनः दोस्रो कार्यकालका लागि सर्वसम्मत अध्यक्ष चयन गरेको छ । रौतहटको कटहरिया नगरपालिका–८ मा रहेको बाबा बैजुनाथ सुगर एण्ड केमिकल्स चिनी उद्योगका सञ्चालक समेत रहेका बाबरा यसअघि पनि संघको अध्यक्ष भई देशभरका मदिरा उद्योगी व्यवसायीको नेतृत्व गरिसकेका छन् । दोस्रो कार्यकालमा निर्वाचित भएपछि उनले उद्योगको संरक्षण, नीतिगत स्पष्टता र उद्योगीको हितमा काम गर्ने संकल्प व्यक्त गरे । संघको साधारणसभाले अध्यक्ष बाबराको नेतृत्वमा नयाँ कार्यसमिति गठन गरेको छ । जसअनुसार उपाध्यक्षमा राजेन्द्र धिताल, महासचिवमा राजु गुरुङ, सचिवमा अजय प्रजापति र कोषाध्यक्षमा फूलसिंह क्षेत्री चयन भएका छन् । त्यस्तै सदस्यहरूमा हरि भण्डारी,



किसान धनवत, सन्तोष लामिछाने, किसन साह, आदर्श पन्त र बासुदेव प्रसाईं चयन भएका छन् । कार्यक्रममा बोल्दै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव कृष्ण बहादुर राउतले राज्यले उद्योगी–व्यवसायीलाई सहज वातावरण सिर्जना गर्ने प्रतिबद्धता जनाए । उनले हाल संशोधनको क्रममा रहेको मदिरा तथा अन्तःशुल्क नियमावलीबारे मन्त्रालयस्तरीय छलफल भइरहेको जानकारी दिंदै भने, 'संविधान विपरीत तीन तहका सरकारहरूले फरक–फरक कर असूल गर्ने अवस्था अन्त्य गर्नुपर्छ ।' उनले अत्यधिक कर र नीतिगत अनिश्चितताले उद्योगलाई हतोत्साहित गर्ने भन्दै रोजगारी सिर्जना र उत्पादन विस्तारलाई प्रोत्साहन गर्ने समय आएको स्पष्ट पारे । साथै, घरेलु उत्पादनलाई प्रोत्साहन गर्न कोरिया र जापानमा जस्तै नीति आवश्यक भएको उल्लेख गरे । संघका अध्यक्ष बाबराले आफ्नो प्रतिवेदन प्रस्तुत गर्दै उद्योगले देशको राजस्व र रोजगारीमा महत्वपूर्ण योगदान दिँदै आएको भए पनि पछिल्लो समय नीतिगत अवरोधका कारण धेरै उद्योग धरासायी भएको गुनासो गरे । 'स्पिरिट आपूर्तिको समस्या, कर प्रणालीको असमानता, ब्याजदरको चाप र नीतिगत अन्योलताले उद्योगी निरुत्साहित भएका छन्,' उनले भने, 'यो अवस्थामा उद्योगी पलायन हुन थालेका छन् । यसले दीर्घकालमा अर्थतन्त्रलाई नै कमजोर बनाउँछ ।' त्यस्तै सहभागी उद्योगी–व्यवसायीहरूले संघीय संरचनापछि कर असमानता बढेको, विदेशी मदिरासँग प्रतिस्पर्धा गर्न कठिन भएको, घरेलु मदिरामा कडाइ गरिए पनि विदेशी मदिरामा खुला नीति अपनाइएका कारण उद्योग प्रभावित भएको गुनासो गरेका थिए । अध्यक्ष बाबराले आगामी कार्यकालमा उद्योगको हकहित र दीर्घकालीन संरक्षणका लागि सक्रियता देखाउने बताए । उनले संघ सरकारसँग निरन्तर संवाद गर्दै उद्योगमैत्री वातावरण बनाउन पहल गर्ने आश्वासन दिए ।

# 'जनप्रतिनिधी र कर्मचारीबिचको समन्वय आवश्यक'

**राजन कुमार बानिया**
**वीरगंज ।**
पर्साको धोबिनी गाउँपालिकामा सरुवा भई आएका नयाँ प्रमुख प्रशासकीय अधिकृत कृष्ण प्रसाद खतिवडा हाजिर भई सोमबारबाट कार्यभार सम्हालेका छन् । एक समहारोहका बिच जनप्रतिनिधि र कर्मचारीहरुले उनलाई स्वागत तथा परिचयात्मक कार्यक्रम सम्पन्न गरेको छ । गाउँपालिकाको सभा हलमा भएको स्वागत तथा परिचयात्मक कार्यक्रममा गाउँपालिका अध्यक्ष मदन प्रसाद चौहान, वडा अध्यक्ष देवेन्द्र प्रसाद कुर्मी, मनाउर अहमद, बन्धु साह तेली, स्वास्थ्य शाखा प्रमुख काबिन्द्र यादवसहित शिक्षा प्रमुख बृजकिशोर त्रिपाठी, योजना प्रमुख पप्पु पटेल, जिन्सी प्रमुख प्रदीप पटेल, इन्जिनियर रविभुशन पटेल, तजेन्द्र माली, प्रदीप गुप्ता, रविन्द्र शर्मा, बृजकिशोर पटेल, गणेश शाही, रामलोचन साहलगायतकाले अधिकृत खतिवडालाई फूलमाला र दोसल्ला ओढाएर स्वागत गरेका थिए । स्वागत ग्रहण गरेपछि पदभार सम्हाल्दै प्रमुख प्रशासकीय अधिकृत खतिवडाले नियम–कानुनले तोकेका काममा आफ्नो तर्फबाट कहिल्यैपनि समस्या हुन नदिने प्रतिबद्धता जनाए । उनले पालिकालाई समृद्ध बनाउन जनप्रतिनिधी र कर्मचारीबिचको समन्वय र सहकार्य अतिआवश्यक भएको बताए । आफू जनताहरुको कामलाई छिटो र छरितो सेवा पुर्याउने प्रतिबद्धता व्यक्त गरे । परिचयात्मक कार्यक्रममा जनप्रतिनिधि, कार्यपालिका सदस्य र कर्मचारी, प्रहरी, पत्रकार लगायतको उपस्थिती रहेको थियो ।



# जसपाको जिल्ला अधिवेशनमा झडप




**मधेशदृष्टि**
**सर्लाही ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालको सर्लाही जिल्लाको प्रथम जिल्ला अधिवेशन तनावग्रस्त बनेको छ ।

सोमबार सम्पन्न बन्दसत्रमा पार्टीभित्रैको विवाद हिंसात्मक रूप लिएपछि नेतासहित कार्यकर्ता घाइते भएका छन् । अधिवेशनको निर्वाचन प्रक्रियालाई लिएर उत्पन्न विवादपछि जसपाका केन्द्रीय सदस्य तथा प्रदेश सभा सदस्य सञ्जय यादव नेतृत्वको समूहले आक्रमण गरेको आरोप लागेको छ । निर्वाचन समितिले मनोनयन प्रक्रिया पूरा गरी अन्तिम नामावली टाँस गर्ने तयारी भइरहेकै बेला अचानक आक्रमण भएको थियो । आक्रमणका क्रममा सञ्जय यादव पक्षका रामविश्वास रायले फलामको कुर्सी प्रहार गर्दा निर्वाचन संयोजक ओमप्रकाश यादव गम्भीर घाइते भए । उनको टाउकोमा चोट लाग्नुका साथै शरीरका विभिन्न भागमा समेत चोटपटक पुगेको छ । यस्तै, अध्यक्ष मण्डलका सदस्य मनोज यादव गम्भीर घाइते भएका छन् भने अर्का सदस्य रामपृत पासवान सामान्य घाइते भएका छन् । आक्रमणको क्रममा प्यालेसका कुर्सी, ड्यास, सोफा, इन्टरनेट राउटरलगायतका सामग्री तोडफोड गरिएको सञ्चालक राजेश शर्माले बताए । उनले भने, 'नेता भएर पनि पार्टी प्यालेसमा तोडफोड गर्नु निन्दनीय काम हो । भोलि यस्ता कार्यक्रमका लागि कसले आफ्नो स्थल उपलब्ध गराउँछ?' घाइते संयोजक ओमप्रकाश यादवले अधिवेशनका सम्पूर्ण प्रक्रिया अध्यक्ष मण्डलको निर्णयअनुसार अघि बढेको भन्दै आक्रमणलाई गुण्डागर्दी शैलीको कार्य भनेका छन् । 'सहमति र विचार–विमर्शबाट समाधान गर्न सकिने विषयलाई हिंसा र आक्रमणमार्फत प्रस्तुत गर्नु अत्यन्तै दुखद छ,' उनले आक्रोश व्यक्त गरे । यस्तै, अध्यक्ष मण्डलका सदस्य मनोज यादवले पनि घटनाप्रति आक्रोश व्यक्त गर्दै भने, 'यदि असहमति थियो भने बैठकमार्फत समाधान खोजिन्थ्यो । तर, सञ्जय यादवले वार्ता र सहमतिको बाटो त्यागेर गुण्डागर्दीको चरित्र देखाएका छन् ।' झडपपछि अधिवेशनको निर्वाचन प्रक्रिया स्थगित भएको र अगाडिको कार्यक्रमबारे निर्णय नहुँदै अनिश्चितता बढेको छ ।

# जनकपुरधाममा सार्वजनिक शौचालय निर्माण शुरु



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशको राजधानी जनकपुरधामलाई स्वच्छ र पर्यटकमैत्री शहर बनाउन सार्वजनिक शौचालय निर्माणको काम औपचारिक रूपमा शुरु गरिएको छ ।

मुख्यमन्त्री सतिश कुमार सिंहले सोमबार जानकी मन्दिर प्राङ्गणमा आयोजित कार्यक्रममार्फत प्रदेश राजधानी सौन्दर्यीकरण कार्यक्रमको शिलान्यास गरेका हुन् । सौन्दर्यीकरण योजनाअन्तर्गत ऐतिहासिक जानकी मन्दिर, राम मन्दिर र जनकपुरधाम बसपार्कमा आधुनिक सार्वजनिक शौचालय निर्माण हुने भएको छ । प्रदेश सरकारको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयमार्फत सञ्चालित यस योजनाले जनकपुरधाम आउने पर्यटक र यात्रुलाई सुविधा पुऱ्याउने लक्ष्य लिइएको छ । उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री वसन्त कुशवाहाका अनुसार तीनवटा सार्वजनिक शौचालय निर्माणका लागि करिब साढे चार करोड रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । 'पर्यटकलाई सहज वातावरण उपलब्ध गराउन यी स्थानहरूलाई प्राथमिकतामा राखिएको हो,' मन्त्री कुशवाहाले भने । सार्वजनिक शौचालय निर्माण कार्य आगामी ६ महिनाभित्र सम्पन्न गर्नुपर्ने व्यवस्था गरिएको छ । जनकपुरधामको धार्मिक–सांस्कृतिक महत्व र यहाँ आउने पर्यटकको चापलाई ध्यानमा राख्दै शुरु गरिएको यो योजना पूरा भएपछि शहर थप व्यवस्थित र आकर्षक हुने सरोकारवालाहरूको विश्वास छ ।

# धनुषामा असोज २ र ३ गते तेस्रो सर्प महोत्सव




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा जिल्लाको मिथिला विहारी नगरपालिका–७ मिथिलेश्वर मौवाहीस्थित कल्चर भिलेजमा असोज २ र ३ गते तेस्रो सर्प महोत्सव हुने भएको छ । सेभ द लिभ्स सोसाइटी र मिथिला वाइल्डलाईफ ट्रष्टको संयुक्त आयोजनामा हुन लागेको महोत्सवमा सर्प र यसको प्रजाति सम्बन्धी वृहत जानकारी, सर्पदंशबाट बच्ने तरिका, विषालु सर्पले टोकेपछिको प्राथमिक उपचार तथा सर्पलाई सुरक्षित रूपमा पक्रने विधि प्रदर्शन हुने आयोजकले जनाएका छन् । मिथिला वाइल्डलाईफ ट्रष्टका अध्यक्ष देव नारायण मण्डलका अनुसार महोत्सवले सर्प र मानवबीचको सहजीवन, सर्पको संरक्षण र पर्यावरणमैत्री सहअस्तित्वबारे व्यावहारिक सन्देश दिनेछ । उनले भने, 'सर्पले किन टोक्छ, सर्पसँग डर होइन समझदारी गर्नुपर्छ भन्ने सन्देश यस महोत्सवमार्फत सम्प्रेषण हुनेछ ।' सेभ द लिभ्स सोसाइटीका अध्यक्ष कमल देवकोटाले पनि सर्प मात्र नभई सम्पूर्ण प्राणीलाई बाँच्न पाउने अधिकार रहेको स्मरण गराउँदै महोत्सवमा सक्रिय सहभागिताका लागि आग्रह गरे । नेपालमा अहिलेसम्म ८४ प्रजातिका सर्प भेटिएको वैज्ञानिक तथ्यांक सार्वजनिक गर्दै आयोजकहरूले करिब पाँच हजार सर्पको उद्धार गरिसकेको जानकारी दिए । उनीहरूको दाबी अनुसार भेटिएका ८४ मध्ये करिब २० प्रजाति (१८ प्रतिशत) मात्र विषालु छन् । कार्यक्रमअन्तर्गत महोत्सवको ब्यानर अनावरण गर्दै नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरन साहले मधेशमा सर्प र मानवबीचको शत्रुता अन्त्य गर्न र सर्पबारे प्रचलित भ्रम हटाउन यस्ता जानकारीमूलक आयोजनाले ठूलो भूमिका खेल्ने बताए । सो अवसरमा सर्प विशेषज्ञ सुवोध आचार्यलगायतको पनि उपस्थिति रहेको थियो । यसअघि सर्प महोत्सव तिलोत्तमा र कावासोती नगरपालिकामा सम्पन्न भइसकेको छ भने यसपटकको धनुषा संस्करणले मधेशमा सर्प संरक्षण अभियानलाई थप सशक्त बनाउने विश्वास गरिएको छ ।

# नेपालमै पहिलो पटक 'मत्स्य कृषक पाठशाला'

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाललाई माछा उत्पादनमा आत्मनिर्भर बनाउँदै आगामी वर्षहरूमा विदेशमा निर्यात गर्न सक्षम बनाउन पहिलो पटक 'मत्स्य कृषक पाठशाला' सञ्चालनको तयारी भएको छ । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन इकाईका मत्स्य विज्ञ विष्णुदेव यादवका अनुसार यस पाठशालाबाट प्रशिक्षित किसानले उत्पादन वृद्धि गर्दै देशलाई मत्स्य क्षेत्रको नयाँ गन्तव्य बनाउन मद्दत गर्नेछन् । नेपालको कुल माछा उत्पादनमध्ये सबैभन्दा ठूलो हिस्सा ओगट्ने मधेश प्रदेशसहित अन्य प्रमुख उत्पादन क्षेत्रलाई लक्षित गर्दै यो कार्यक्रम ल्याइएको हो । धनुषा, बारा र रुपन्देही जिल्ला 'मत्स्य सुपर जोन' मा



परेका छन् भने झापा, सिरहा, महोत्तरी, रौतहट, पर्सा, कपिलवस्तु, बर्दिया, कैलाली तथा चितवन 'जोन कार्यक्रम' अन्तर्गत रहेका छन् । कार्यक्रमअन्तर्गत सम्बन्धित जिल्लाका अगुवा किसानलाई १९ दिनको विशेष तालिम दिइसकिएको छ । ती प्रशिक्षित किसानले अब आफ्नो जिल्ला–जिल्लामा पुगेर मत्स्य कृषक पाठशालामार्फत उत्पादनमा सक्रिय रहेका अन्य किसानलाई व्यवहारिक ज्ञान दिनेछन् । 'किसानलाई किसानकै अनुभव र प्रविधिबाट सिकाउने यो कार्यक्रम नेपालकै पहिलो प्रयास हो,' इकाई धनुषाका नायव प्राविधिक सहायक अजय शर्माले बताए । जनकपुरधामस्थित मत्स्य मानव संशोधन विकास केन्द्रमा मत्स्य विशेषज्ञ र विज्ञहरूले माछा उत्पादनका आधुनिक विधि, रोग नियन्त्रण, दाना व्यवस्थापन, पोखरी निर्माणदेखि बजार व्यवस्थासम्मका पक्षमा प्रशिक्षण दिइरहेका छन् । कृषि आधुनिकीकरण कार्यक्रम धनुषाका कृषि अधिकृत राकेश कुमार यादवका अनुसार किसानले आफ्नो गाउँ–ठाउँमै पाठशालामार्फत सिकाइ पाउने भएकाले प्रभावकारी परिणाम देखिने विश्वास छ । नेपालमा वार्षिक १ लाख २३ हजार ४०३ मेट्रिक टन माछा उत्पादन हुने गरेको छ । यसमध्ये मधेश प्रदेशले मात्र ४८ हजार ४५५ मेट्रिक टन उत्पादन गरेर अग्रस्थानमा छ । लुम्बिनी प्रदेश दोस्रो स्थानमा छ । त्यहाँ १५ हजार ९०९ मेट्रिक टन उत्पादन हुन्छ भने गण्डकी प्रदेश १५ हजार ४६ मेट्रिक टनसहित तेस्रो स्थानमा रहेको छ । सबैभन्दा कम उत्पादन कर्णाली प्रदेशमा छ । त्यहाँ वर्षमा जम्मा १२६ मेट्रिक टन मात्र माछा उत्पादन हुने गरेको कृषि विभागको तथ्यांकले देखाउँछ । हाल नेपालमा उत्पादन भएको माछाले करिब–करिब आन्तरिक माग धाने पनि वार्षिक करिब ४ हजार ८८६ मेट्रिक टन कमी रहँदै आएको छ ।

# वीरगंजमा युवतीमाथि गोली प्रहार




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित रजतजयन्ती चोक नजिक एक युवतीमाथि गोली प्रहार भएको छ । भारत घर भएकी करिब १८ वर्षीया निशाकुमारीमाथि
नेपाल–भारत सीमा नजिकै वीरगंज महानगरपालिका–१६ स्थित रजतजयन्ती चोकमा सोमबार गोली प्रहार भएको हो । पर्साका प्रहरी उपरीक्षक गौतम मिश्रका अनुसार युवती निशाको गालामा गोली लागेको छ । उनको वीरगंजस्थित नारायणी अस्पतालमा उपचार भइरहेको छ । एसपी मिश्रका अनुसार युवतीमाथि गोली हान्ने व्यक्तिलाई पक्राउ गरिएको छ । भारततर्फ भाग्दै गरेको अवस्थामा भारतको झारखण्ड बस्ने २६ वर्षीय सञ्जीव शर्मालाई नियन्त्रणमा लिइएको उनले बताए । प्रारम्भिक अनुसन्धानको क्रममा वीरगंजस्थित एक होटलमा खाजा खाने क्रममा विवाद हुँदा निशामाथि गोली हानिएको हो । घटनाबारे अनुसन्धान भइरहेकोले गोली हान्नुको कारण खुल्ने उनले बताए ।
सोमबार साँझ वीरगंजमा प्रदर्शनकारीहरुले
प्रधानमन्त्रीको पुत्ला जलाउन खोज्दा प्रहरीले बल प्रयोग गरेको छ । प्रहरीको बल प्रयोगमा परेर सुधिर पटेलसहित ४ जना घाइते भएका छन् । उनीहरुको नारायणी अस्पतालमा उपचार भइरहेको छ । प्रदर्शनकारीले प्रहरीको बिट जलाएका छन् । उनीहरुले माइस्थान, घण्टाघरमा तोडफोड गरेका थिए । प्रहरीले दर्जन बढी अश्रुग्यास प्रहार गरेको थियो ।

# करेन्ट लागेर वडाध्यक्षको मृत्यु

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको बौधीमाइ नगरपालिका–६ का वडाध्यक्ष गगनदेव राय यादवको करेन्ट लागेर मृत्यु भएको छ ।

आइतबार साँझ करिब ७ बजे करेन्ट लागेर घाइते भएका यादवको उपचारकै क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । प्रहरीका अनुसार वडाध्यक्ष यादव छिमेकी जगदीश राय यादवको खेततर्फ जाँदै गर्दा ११ हजार भोल्टको तार चुडिएर भुइँमा परेको अवस्थामा करेन्ट लागी घाइते भएका थिए । प्रारम्भिक उपचारका लागि उनलाई घोराहीमाइ



अस्पताल, कोपवामा लगिएको थियो । त्यहाँबाट थप उपचारका लागि प्रादेशिक अस्पताल गौरमा पुऱ्याइए पनि चिकित्सकहरूले इसिजी गर्दा उनलाई मृत घोषणा गरेका थिए ।

# विराटनगरमा दुई दिन विद्यालय बन्द

**मधेशदृष्टि**
**विराटनगर ।**
मोरङको विराटनगरमा जेनजी समूहको आन्दोलन उग्र बन्दै गएपछि मंगलबार र बुधबार दुई दिनका लागि विद्यालय बन्द हुने भएको छ । जिल्ला प्रशासन कार्यालय मोरङमा सरोकारवालासँगको
छलफलपछि विद्यालय बन्द गर्ने निर्णय भएको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिएका छन् । उनका अनुसार मंगलबार स्कुल तहसम्म र बुधबार प्लस टु तहसम्मका विद्यालय बन्द हुनेछन् । 'विराटनगरमा सरोकारवालाले विद्यालय बन्द गर्ने निर्णय गरेको जानकारी आएको छ,' यादवले भने । निजी विद्यालय सञ्चालकहरूको संगठन प्याब्सन र उच्च शिक्षालय तथा माध्यमिक विद्यालय सङ्घ (हिसान) ले आन्दोलनका कारण विद्यार्थीको सुरक्षालाई मध्यनजर गर्दै विद्यालय बन्द गर्न आग्रह गरेका थिए । प्याब्सनका केन्द्रीय सल्लाहकार तथा पूर्वअध्यक्ष टीकाराम पुरीले आन्दोलनका बीचमा कक्षा सञ्चालन गर्ने वातावरण नभएको बताए । 'विराटनगरमा दुई दिन विद्यालय बन्द गर्ने निर्णय भइसकेको छ,' पुरीले भने, 'काठमाडौं उपत्यकासहित अन्य क्षेत्रमा पनि यस्तै निर्णय आउन सक्ने देखिन्छ । हालका परिस्थितिमा विद्यालय सञ्चालन गर्न सहज छैन ।' जेनजी समूहको आन्दोलन उग्र बन्दै गएपछि स्थानीय प्रशासन र विद्यालय सञ्चालकबीच छलफल गरी सुरक्षालाई प्राथमिकता दिँदै विद्यालय बन्द गर्ने निर्णय गरिएको हो ।

# महिन्द्राको 'युवोटेक प्लस' ट्र्याक्टर सार्वजनिक

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधामस्थित रिचा मोटर्स प्रालिले महिन्द्राको नयाँ मोडल 'महिन्द्रा युवो टेक प्लस ५८५ डीआई' ट्र्याक्टर जनकपुरधाममा सार्वजनिक गरेको छ । एक विशेष कार्यक्रममा ट्र्याक्टर सार्वजनिक गर्दै कम्पनीले यसलाई किसानका आवश्यकता अनुसार शक्ति, कार्यदक्षता र प्रविधिको संयोजनसहित बजारमा ल्याइएको जनाएको छ । महिन्द्राको नयाँ मोडलमा इएलएस क्षमताको ४–सिलिन्डर इञ्जिन प्रयोग गरिएको छ ।
यसले १९७ एनएम टर्क उत्पादन गर्छ । कम्पनीका सीइओ प्रवीण अग्रवालका अनुसार यो ट्र्याक्टर थ्रेसर, बेलरजस्ता आधुनिक कृषि उपकरण सजिलै सञ्चालन गर्न सक्षम छ ।
उनले बताएअनुसार ट्र्याक्टरमा १७०० किलोग्रामसम्म लिफ्ट क्षमता रहेको छ भने ३० लिटर प्रतिमिनेट हाइड्रोलिक फ्लो उपलब्ध गराइएको छ । यसले किसानलाई उन्नत कृषि प्रणालीमा सहजीकरण गर्नेछ ।
सीइओ अग्रवालले भने, 'महिन्द्रा युवो टेक प्लस किसानको वास्तविक आवश्यकतालाई ध्यानमा राखी तयार गरिएको हो । यसले शक्ति, कार्यदक्षता र प्रविधिको सन्तुलन कायम राख्दै उत्पादकत्वमा वृद्धि गर्नेछ ।' महिन्द्रा युवोटेक प्लस सार्वजनिकीकरण कार्यक्रममा रिचा मोटर्सका अध्यक्ष राजेश अग्रवाल, प्रबन्ध निर्देशक अजीत अग्रवाल, अग्री ग्रुपका प्रदेश अध्यक्ष प्रभासमान शाक्य, अग्री ग्रुपका प्रदेश प्रबन्धक विनय खत्री लगायतको उपस्थिति थियो । रिचा मोटर्सका अध्यक्ष राजेश अग्रवालले महिन्द्राको नयाँ ट्र्याक्टर किसानको उत्पादनशीलता वृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरे । उनले भने, 'हामीले किसानलाई सस्तो, टिकाउ र प्रविधियुक्त ट्र्याक्टर उपलब्ध गराउन प्राथमिकता दिएका छौं । युवोटेक प्लसले कृषि क्षेत्रमा नयाँ आयाम थप्नेछ भन्ने हाम्रो विश्वास छ ।'

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन